लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited
"KA" Class Institution Licensed by Nepal Rastra Bank

December 22, 2022

LXBL/HO-FIN/221222/243103

Nepal Stock Exchange,
Singhadurbar, Kathmandu

Re: **Information Update**

Dear Sir/ Madam,

264th Board Meeting of Laxmi Bank Limited held at 4:00 PM on December 21, 2022 has decided to hold its 22nd Annual General Meeting (AGM) on January 12, 2023 (28th Poush, 2079) and also approved the agenda for the AGM. Other related information are as follows:

| | |
|---|---|
| Total Dividend | : - |
| Bonus Share | : - |
| Cash Dividend | : - |
| Book Close Date | : December 30, 2022 (15th Poush, 2079) |
| Current Paid Up Capital | : NPR 11,551,345,051.00 |
| Annual General Meeting Date | : January 12, 2023 (28th Poush, 2079), 11:00 AM at Agrawal Bhawan, Kamalpokhari, Kathmandu |

Thank you.

Regards,

Piyush Raj Aryal
Company Secretary

Laxmi Bank Limited लक्ष्मी बैंक लिमिटेड

Cc: CDS & Clearing Ltd, Putalisadak, Kathmandu

# लक्ष्मी बैंक लिमिटेडको बाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

मिति २०७९ साल पौष महिना ६ गते बुधबार तदनुसार २१ डिसेम्बर २०२२ मा बसेको बैंकको २६४औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार बैंकको बाइसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, स्थान र समय**
मिति : २०७९ साल पौष महिना २८ गते बिहीबार (१२ जनवरी २०२३)
स्थान : अग्रवाल भवन, कमलपोखरी, काठमाडौं ।
समय : बिहान ११ बजे ।

२. **छलफलका बिषयहरु:**

**(क) सामान्य प्रस्ताव**

(१) बाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने ।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७९/०८० को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक श्री पि.के.एफ. टि.आर.उपाध्या एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

**(ख) विशेष प्रस्ताव**

(१) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

(१) बासौं वार्षिक साधारण सभाको लागि बैंकको शेयर दाखिल खारेजको काम **२०७९ साल पौष महिना १५ गते शुक्रबार (३० डिसेम्बर २०२२)** बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९/०९/१५ भन्दा अघिल्लो दिन सम्म कारोवार भई मिति २०७९/०९/२१ गते कार्यालय समय भित्रमा बैंकको शेयरधनी कितावमा कायम शेयरधनीहरुले सो सभामा माग लिन योग्य हुनेछन् ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहित बैंकको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु बैंकको रजिष्टर्ड कार्यालय, हात्तिसार काठमाडौंमा र शेयर रजिष्ट्रार श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ । वार्षिक प्रतिवेदनको प्रति बैंकको वेबसाइट www.laxmibank.com मा समेत उपलब्ध हुनेछ ।

(३) सभामा भाग लिनका लागि प्रतिनिधि (Proxy) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात २०७९/०९/२६ गते बिहान ११ बजे भित्र श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नयाँ बानेश्वर, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधिपत्र ((Proxy Form) प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा हुनु पर्नेछ ।

(४) कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज बैंकको शेयरधनी नभएपनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ । यसरी प्रतिनिधि पठाउंदा सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बैंक वा शेयर रजिष्ट्रारलाई लिखित रुपमा जानकारी गराई सक्नुपर्नेछ ।

(५) सभामा भाग लिन प्रतिनिधि (Proxy) प्राप्त गर्ने शेयरधनीले कूल बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढी प्रोक्सी दर्ता गरेको भएमा आफूले लिएको शेयर सहित १५ प्रतिशत भन्दा बढी मतको गन्ती गरिने छैन ।

(६) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (Proxy) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः वदर हुनेछ । तर प्रतिनिधि (Proxy) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (Proxy) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (Proxy) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (Proxy) ले सभामा भाग लिन पाउने छ, यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (Proxy) स्वतः वदर भएको मानिनेछ ।

(७) प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैंसंग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने किसिमले आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन, सबै शेयरका लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नुपर्दछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी स्वयम् सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ । एक भन्दा वढी व्यक्तिलाई आधा-आधा वा अरु कुनै किसिमबाट छुट्याएर दिएमा समेत उक्त प्रोक्सी बदर हुनेछ ।

(८) एक भन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता भएको अवस्थामा सर्वसम्मतबाट चयन भएको एकजना प्रतिनिधिले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन पाउनेछ ।

(९) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा शेयर प्रमाणपत्र वा शेयरधनी नं. र परिचय खुल्ने कागजात वा बैंकको शेयर अभौतिकरण गरेको देखिने अभौतिकरण खाता (DMAT Account) को विवरण (BOID Statement) सहित उपस्थित भई त्यहां रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

(१०) साधारण सभा सम्बन्धी विस्तृत विवरण बैंकको web site: **www.laxmibank.com** मा उपलब्ध छ ।

**लक्ष्मी बैंक लिमिटेड**
केन्द्रीय कार्यालय
हात्तिसार, काठमाडौं, पो.ब.नं १९५९३
फोन नं. ४४४४६८४/८५

Laxmi Bank Limited
लक्ष्मी बैंक लिमिटेड